# प्राक्कथन

नेपाली मिडियामा देखा परेको विस्तारको प्रक्रिया बहुआयामिक छ । छापा, प्रसारण तथा अनलाइन माध्यमको विकास सँगसँगै मिडियासम्बन्धी अन्य गतिविधि पनि तीव्र हुँदै छन् । अध्येता र अनुसन्धानकर्ताहरूको ध्यान मिडियातर्फ तानिएको छ; मिडियासम्बन्धी अध्ययन-अनुसन्धानको प्रक्रिया बढ्दो छ । स्कुल, क्याम्पस तथा विश्वविद्यालयहरूको रोजाइमा पत्रकारिता विषय अग्रपङ्क्तिमा आउँदो छ । तालिम दिने उद्देश्यले खुलेका व्यापारिक हुन् या गैरव्यापारिक, धेरै संस्थाहरूका आँखा मिडियामा केन्द्रित भएका छन् । मिडियासम्बन्धी तालिम सञ्चालन गर्न यी संस्थाहरू जोडतोडका साथ लागिपरेका छन् ।

मार्टिन चौतारीले झण्डै एक दसकदेखि नेपाली मिडियाका विविध आयामलाई प्राज्ञिक कोणबाट नियाल्दै आइरहेको छ । नेपाली मिडियाबारे भइरहेको तालिमको अभ्यासलाई यसपल्ट हामीले अध्ययनको विषय बनाएका छौं । नेपालमा सञ्चालित मिडियासम्बन्धी यस्ता तालिमहरू मिडियाका लागि आवश्यक दक्ष जनशक्ति आपूर्ति गर्ने भरपर्दा स्रोत बनेका छन् । नेपालमा मिडियासम्बन्धी भइरहेका तालिमहरूबारे विस्तृत अध्ययन नभएको महसुस भएपछि हामी यसबारेको अध्ययनमा जुटचौं । यद्यपि तालिममा संलग्न प्रशिक्षक र सहभागीहरूले तालिमबारे संस्मरण लेखी यदाकदा नछापेका भने होइनन् ।

नेपालमा मिडियाका जनशक्तिलाई लक्षित गरेर के-कस्ता तालिम भइरहेका छन्, तालिम दिने वा लिने प्रक्रियामा को-को सहभागी छन्, तालिमका विषयवस्तु वा पाठ्यक्रम कस्ता छन्, तालिमका उपलब्धिबारे सम्बन्धित क्षेत्रका व्यक्तिहरूको धारणा के छ, यी र यस्तै विविध पक्षहरू हाम्रो यस अध्ययनका मुख्य विषय हुन् । विश्वविद्यालयमा पनि पत्रकारिता तथा आमसञ्चारको अध्ययन-अध्यापन हुने भएकाले हामीले त्यहाँको पाठ्यक्रमको जानकारीसमेत लियौं । विश्वविद्यालयको पाठ्यक्रमबारे पनि धेरथोर खोजबिन यसमा समेटिएको छ । २०६६ भदौदेखि कात्तिकसम्म गरिएका अन्तर्वार्ता र अवलोकन भ्रमणबाट प्राप्त तथ्य/तथ्याङ्क नै यस अध्ययनका मुख्य स्रोत हुन् । यसमा उल्लिखित तथ्य/तथ्याङ्कहरूले त्यही समयको प्रतिनिधित्व गर्छन् । यद्यपि पुस्तकलाई अन्तिम रूप दिने बेला (२०६७ असोज) कतिपय सन्दर्भमा थुप्रै व्यक्तिहरूसँग कुराकानी गरी तथ्य/तथ्याङ्कहरूलाई अद्यावधिक चाहिं गरिएको थियो ।

तालिम दिने संस्था र तालिमका गतिविधि काठमाडौंमा धेरै भएकाले यो अध्ययन मूलत: काठमाडौं केन्द्रित छ । यद्यपि अनुसन्धानका लागि हामी पाँचओटै विकास क्षेत्रका प्रमुख सहर धरान, विराटनगर, पोखरा, बुटवल, नेपालगञ्ज र धनगढी पुग्यौं । यी सीमित सहरहरूमा गरिएको प्रस्तुत अध्ययनले नेपालभरिकै मिडिया तालिमको अभ्यासबारेको सम्पूर्ण चित्र प्रस्तुत त गर्दैन । तर, नेपालको पूर्व-पश्चिम भेगका प्रमुख सहरहरूलाई समेटिएकोले बाँकी ठाउँहरूको अवस्था अनुमान गर्न भने पक्कै सघाउनेछ ।

मिडियासम्बन्धी तालिम दिने विभिन्न संस्थाका व्यक्ति, तालिमका प्रशिक्षक र सहभागी, मिडियासम्बद्ध व्यवसायी र पत्रकारहरूसँग कुराकानी गर्‍यौं । केही संस्थाहरूले दिइरहेका तालिमको अवलोकन गर्ने मौका पनि मिल्यो, जसबाट अनुसन्धानका लागि महत्त्वपूर्ण सामग्रीहरू प्राप्त भए । यो अभियानमा हामीले विभिन्न व्यक्ति तथा संस्थाहरूको सहृदयी सहयोग पाउन सक्यौं । कुराकानीका लागि समय दिनुहुने सबै व्यक्ति र सम्बन्धित संस्थाहरू (हेर्नुहोस् अनुसूची २) प्रति हामी हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

यस अनुसन्धानको अवधारणा बनाउने बेलादेखि निरन्तर हौसला प्रदान गर्ने सामाजिक संवादका लागि सहकार्य (एएसडी) मा आबद्ध हरि शर्मा, विनोद भट्टराई र शिव विशङ्खे तथा पत्रकार राजेन्द्र दाहालप्रति आभार प्रकट गर्दछौं । अनुसन्धानको प्रारम्भिक चरणदेखि अन्तिम लेखनसम्म पत्रकार मोहन मैनाली र मार्टिन चौतारीका अनुसन्धाता प्रत्यूष वन्तले सुपरभाइजरका रूपमा हामीलाई महत्त्वपूर्ण सुझाव र सल्लाह दिनुभएको थियो । चौतारीकै अर्का अनुसन्धाता

रमेश पराजुलीले पनि प्रतिवेदनको मस्यौदा पढेर सुझाव दिनुभएको थियो । उहाँहरू सबैप्रति हामी कृतज्ञ छौं । यस पुस्तकको भाषा सम्पादन गरिदिने मार्टिन चौतारीका भाषा सम्पादक विमल आरोहीलाई तथा पुस्तकको अनुक्रमणिका तयारीका क्रममा सघाउ पुऱ्याउने तीर्थ विष्ट र अनुपा लामिछानेलाई धन्यवाद छ ।

अमेरिकास्थित फाउण्डेसन ओपन सोसाइटी इन्स्टिच्युट (एफओएसआई) ले यस अनुसन्धानका लागि मार्टिन चौतारीलाई आर्थिक सहयोग गरेको हो । सहयोगका लागि उक्त संस्थालाई हार्दिक धन्यवाद छ ।

**लेखक**